आज मिति २०८२ साल श्रावण १४ गते बुधबारको दिन दिउसो २:०० बजे यस सिलीचोङ गाउँपालिकाको अध्यक्ष श्री भूपालराज राईज्यूको अध्यक्षता र देहाय बमोजिमको उपस्थितीमा बसेको सिलिचोङ गाउँपालिकाको आ.व. ०८२/८३ को पहिलो कार्यापालिका बैठकबाट देहाय बमोजिमको प्रस्तावहरु उपर छलफल गरी सर्वसहमतिले निर्णय गरियो ।

**उपस्थिती:**

| क्र.स. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | भूपालराज राई | अध्यक्ष | (हस्ताक्षर) |
| २ | देविता राई | उपाध्यक्ष | (हस्ताक्षर) |
| ३ | गणेश राई | वडाध्यक्ष | |
| ४ | मोहन समसेर राई | वडाध्यक्ष | (हस्ताक्षर) |
| ५ | प्रतापसिंह तामाङ | वडाध्यक्ष | (हस्ताक्षर) |
| ६ | देवेन्द्र राई | वडाध्यक्ष | (हस्ताक्षर) |
| ७ | ईश्वर राई | वडाध्यक्ष | (हस्ताक्षर) |
| ८ | सन्तोष राई | कार्यपालिका सदस्य | |
| ९ | सागर राई | कार्यपालिका सदस्य | |
| १० | रेबिका रसाइली | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| ११ | शारदा कुमारी राई | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १२ | लक्ष्मी वि.क. | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १३ | मनकुमारी राई | कार्यपालिका सदस्य | (हस्ताक्षर) |
| १४ | प्रविण राई | प्रमुख प्रशासकिय अधिकृत | (हस्ताक्षर) |
| | आमन्त्रित | | |
| १ | भद्रबहादुर राई | प्रशासन शाखा प्रमुख | |
| २. | ज्ञानराज राई | प्रमुख प्राविधिक अधिकृत | (हस्ताक्षर) |
| ३. | हेमराज राई | गा.पा. [illegible] | (हस्ताक्षर) |

**प्रस्तावहरु:**

प्रस्ताव नं. १: चालु आ.व. ०८२/८३ को योजना / आयोजनाहरु संचालन सम्बन्धमा ।

प्रस्ताव नं. २: कर्मचारी माग आपुर्ति फारम सम्बन्धमा ।

प्रस्ताव नं. ३: सिसुवाखोला मोटरेबल पुल उद्घघाटन सम्बन्धमा ।

प्रस्ताव नं. ४: खरिद योजना र जिन्सी निरीक्षण सम्बन्धमा ।

प्रस्ताव नं. ५: चालु आ.व. ०८२/८३ को दररेट निर्धारण सम्बन्धमा ।

(हस्ताक्षर)
२०८२।०४।१४

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल

प्रस्ताव नं. ६: चालु आ.व. ०८२/८३ को बार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा ।

प्रस्ताव नं. ७: सरुवा सहमती सम्बन्धमा ।

प्रस्ताव नं. ८: विपद् व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ९:विविध सम्बन्धमा ।

निर्णयहरु:

प्रस्ताव नं. १: चालु आ.व. ०८२/८३ को योजना / आयोजनाहरु संचालन सम्बन्धमा ।

निर्णय: प्रस्ताव नम्बर एक उपर छलफल गर्दा चालु आ.व. ०८२/८३ को योजना / आयोजनाहरु संचालन सम्बन्धमा विशेषगरी ठुला आयोजनाहरु ताम्कू प्राथामिक अस्पताल ५ शैया भवन निर्माण योजना, ५नम्बर वडा भवन निर्माण, बुधबारे बजार व्यवस्थापन आयोजनालाई भाद्र १५ सम्म ड्रईङ, डिजाइन,लागत इस्टिमेट स्विकृती लगायत सम्पूर्ण तयारी गरी ठेक्का आह्वानको प्रक्रिया अघि बढाउने ।बखलटुम बेलीब्रिज निर्माण योजना को डि.पी.आर प्रक्रिया तत्काल अघि बढाइ दशै अघि सम्म ठेक्का आह्वन प्रक्रिया अघि बढाउने र डि.पी.आर वापतको रकम रु. २,५०,०००/- बजेट शिर्षक आयोजना व्यवस्थापन खर्च बाट व्यहोर्ने सर्वसहमतिले निर्णय गरियो ।

प्रस्ताव नं. २: कर्मचारी माग आपुर्ति फारम सम्बन्धमा ।

निर्णय: प्रस्ताव नं. २ माथि छलफल गर्दा लोकसेवा आयोगको कार्यालय,कोशी प्रदेश बिराटनगर को मिति २०८२/०४/०६ च.नं.४ को पत्रमा माग भएअनुसार बार्षिक कार्यतालिका बमोजिम माग आकृति फारम सम्बन्धमा यस पालिकामा रिक्त दरबन्दी को माग गर्ने वा नगर्ने विषयमा सम्बन्धित विषयगत समितिमा आवश्यक छलफल गरेर कार्यापालिकामा पेश गरी निर्णय गरेर लोकसेवा आयोग मा सिफारिस गर्ने सर्वसहमतिले निर्णय गरियो ।

प्रस्ताव नं. ३: सिसुवाखोला मोटरेबल पुल उद्घघाटन सम्बन्धमा ।

निर्णय: प्रस्ताव नं. ३ माथि छलफल गर्दा यहीं मिति २०८२/०४/१५ गते सिलीचोङ गाउँपालिका वडा नं. १ र २ जोड्ने सिसुवाखोलामा नवनिर्मित सिसुवाखोला मोटरेबल पुल नेपाल सरकारको उर्जा,जलस्रोत तथा सिँचाई मन्त्री माननीय श्री दिपक खड्का ज्यूबाट भव्यताका साथ समुद्घाटन गर्ने निर्णय गरियो । उक्त कार्यक्रममा लाग्ने खर्च बजेट खर्च शिर्षक: आयोजना व्यवस्थापन खर्च मा बिनियोजित रकम बाट व्यहोर्ने सर्वसहमतिले निर्णय गरियो ।

प्रस्ताव नं. ४: खरिद योजना र जिन्सी निरीक्षण सम्बन्धमा ।

निर्णय: प्रस्ताव नं. ४ माथि छलफल गर्दा खरिद प्रणालीलाई व्यवस्थित गर्न सम्भव भएसम्म वार्षिक खरिद योजना बनाउने तथा यस गाउँपालिका र मातहातका वडा कार्यालय,स्वास्थ्य संस्था,विद्यालय तथा अन्य संघ संस्थाहरुलाई समेत हस्तान्तरण भएका पालिकाको स्वामित्वमा रहेको सार्वजनिक सम्पत्ति (

२०८२।०४।१५

प्रदिप राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

चल/अचल ) तथा जिन्सी मालसामानको जिन्सी निरीक्षण समिति गठन गरी जिन्सी निरीक्षण प्रतिवेदन तयार गरी पेश गर्ने सर्वसहमतीले निर्णय गरियो ।

प्रस्ताव नं. ५: चालु आ.व. ०८२/८३ को दररेट निर्धारण सम्बन्धमा ।

**निर्णय:** प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस गाउँपालिकाले चालु आ.व. ०८२/८३ को दररेटको सम्बन्धमा जिल्ला दररेट निर्धारण समितिले निर्धारण गरेको दररेट लाई अवलम्बन गर्ने । त्यहाँ उल्लेख नभएका निर्माण लगायत अन्य मालसामान, परामर्श सबै खरिद प्रक्रिया अवलम्वन गर्दा नजिकका न्यूनतम दररेट कायम भएका सुनसरी जिल्लाको दररेट लाई लागु गर्ने सर्वसहमतिले निर्णय गरियो ।

प्रस्ताव नं. ६: चालु आ.व. ०८१/८२ को बार्षिक समिक्षा कार्यक्रम सम्बन्धमा ।

**निर्णय:** प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व. ०८१/८२को बार्षिक समिक्षा कार्यक्रम सम्भव भएसम्म श्रावण मसान्त सम्म सम्पन्न गर्ने सर्वसहमतिले निर्णय गरियो ।

प्रस्ताव नं. ७: सरुवा सहमती सम्बन्धमा ।

**निर्णय:** श्री प्रस्ताव नं. ७ माथि छलफल गर्दा माङ्तेवा स्वास्थ्य चौकी मा अ.न.मी. पदमा कार्यरत श्री मिरा कुमारी जयसवालले उक्त स्वास्थ्य चौकीबाट भोक्रहा नरसिंह गाउँपालिका, चिरौती, सुनसरीमा सरुवा सहमती माग गरेकोमा निजले स्थानीय सरकारी सेवा ( गठन तथा सञ्चालन ) ऐन, २०८० बमोजिमको मापदण्ड तथा मुख्यमन्त्रि तथा मन्त्रिपरिषदको कार्यलयले तय गरेको मापदण्ड बमोजिम उक्त गाउँपालिकाको सरुवा सहमती संशोधन गरी पेश गरे पश्चात निजलाई सरुवा सहमती प्रदान गर्ने सर्वसहमतिले निर्णय गरियो ।

प्रस्ताव नं. ८: विपद् व्यवस्थापन सम्बन्धमा ।

प्रस्ताव नं. ८ माथि छलफल गर्दा देहायको निर्णय गरियो:

**निर्णय:१** सिलीचोङ गाउँपालिका वडा नम्बर ४ अन्तर्गत साविक ९ नम्बर वडा निवासी श्री वृख बहादुर राईको घर छेउ वर्षातको पानीको कारण जोखिमपूर्ण भएको भनि निजले निवेदन समेत पेश सम्बन्धमा छलफल गर्दा सरसफाइ र कुलो काट्ने प्रयोजनको लागि ब्याक हुलोडर पठाउने सर्वसहमतीले निर्णय गरियो ।

**निर्णय:२** सिलीचोङ गाउँपालिकाको मौजुदा कार्यविधि " विपद् व्यवस्थापन कोष संचालन कार्यविधि, २०७५" को दफा १४ " राहत तथा उद्दार सम्बन्धी व्यवस्था" मा उल्लेख भएका विपद्बाट प्रभावित लाभग्राहीले पाउने अनुदान रकम संशोधन गर्ने भनी मिति २०८२/०३/१७ गते बसेको स्थानीय विपद् व्यवस्थापनको समितिको बैठकले निर्णय भएको हुँदा उक्त कार्यविधि संशोधन गर्नका लागि आगामी कार्यपालिका बैठकबाट विधायन समितिमा छलफलका लागि प्रस्ताव राखिदिनु हुन भनी विपद् फोकल

२०८२/०४/१४

प्रविण राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्के, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३

व्यक्ति तथा सुचना प्रविधि अधिकृत श्री ज्ञानराज राईले पेश गर्नुभएको निवेदन उपर छलफल गर्दा सम्बन्धित विषयगत समितिबाट निर्णय बाट कार्यपालिकामा पेश भएपछि मात्र कार्यपालिकामा संशोधन प्रक्रिया अघि बढाईने सर्वसहमतिले निर्णय गरियो ।

प्रस्ताव नं. ९:विविध सम्बन्धमा ।

प्रस्ताव नं. ९ माथि छलफल गर्दा देहायको विविध सम्बन्धमा सर्वसहमतिले निर्णय गरियोः

निर्णयः१ शिक्षा विकास तथा समन्वय इकाइ, संखुवासभाको मिति २०८२/०४/१३,च.न. ३३ को पत्रमा उल्लेख भए अनुसार योग्यताको आधारमा प्रधानाध्यापक नियुक्ति एवम् एक पटक नियुक्ति नभई जागिर अवधिभर प्रधानाध्यापक नियुक्ति हुने लगायतका विषयमा गाउँ शिक्षा समितिको बैठकले आवश्यक निर्णय गरी कार्यपालिकामा पेश गर्ने सर्वसहमतीले निर्णय गरियो ।

निर्णयः२ सिलीचोङ गाउँपालिका भन्दा बाहिर कर्मथलो बनाएर बसोबास गरिरहनुभएका (विशेष गरी काठमाण्डौं ) सामाजिक सुरक्षा भत्ता पाइरहनुभएका लाभग्राहीहरुको सम्बन्धमा यस आ.व. मा नविकरण गर्ने प्रयोजनको लागि के कति संख्यामा बाहिर बसोबास गरिरहनुभएको छ सो को विवरण संकलन प्रक्रिया अघि बढाई सामाजिक सुरक्षा भत्ता नविकरण प्रक्रियालाई अघि बढाउने निर्णय गरियो ।

२०८२/०४/१४

प्रतिमा राई
प्रमुख प्रशासकीय अधिकृत

सिलीचोङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ताम्कु, संखुवासभा
कोशी प्रदेश, नेपाल
२०७३